## शिक्षक सेवा आयोग कार्य सञ्चालन (प्रथम संशोधन) कार्यविधि, २०७८

शिक्षक सेवा आयोग कार्य सञ्चालन कार्यविधि, २०७८ लाई संशोधन गर्न बाञ्छनीय भएकोले, शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम ५३ ले दिएको अधिकार प्रयोग गरी शिक्षक सेवा आयोग कार्य सञ्चालन कार्यविधि बनाएको छ ।

१. <u>सङ्क्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम **"शिक्षक सेवा आयोग कार्य सञ्चालन (प्रथम संशोधन) कार्यविधि, २०७८"** रहेको छ ।

(२) यो कार्यविधि आयोगबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **शिक्षक सेवा आयोग कार्य सञ्चालन कार्यविधि, २०७८ को दफा ३३ मा संशोधनः** शिक्षक सेवा आयोग कार्य सञ्चालन कार्यविधि, २०७८ (**यसपछि मूल कार्यविधि भनिएको**) को दफा ३३ को देहाय (ङ) पछि देहायको (च) थपिएको छः-

(च) परीक्षामा आवेदन दिएका कुनै पनि उम्मेदवार पुर्पक्षका लागि थुनामा वा हिरासतमा रहेका छन् भने त्यस्ता उम्मेदवारलाई परीक्षामा सहभागी गराउने विशेष व्यवस्था हुने छैन ।

३. **मूल कार्यविधि, २०७८ को दफा ३५ मा संशोधनः** मूल कार्यविधिको दफा ३५ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

(५) उपदफा (१) बमोजिम अपाङ्गता भएका व्यक्तिले सहयोगी लेखक नराखी आफैंले परीक्षा दिन चाहेमा त्यस्ता उम्मेदवारलाई सहयोगी लेखकले पाए सरहको सुविधा पाउने छन् ।

४. **मूल कार्यविधि, २०७८ को दफा ३७ मा संशोधनः** मूल कार्यविधिको दफा ३७ को देहाय (८) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर अनलाइन माध्यमबाट दरखास्त लिई रोल नम्बर कायम भएकाको हकमा आयोगबाट लिइने लिखित परीक्षाका लागि रोल नम्बरको आधारमा बसाइ व्यवस्था मिलाउने ।"

५. **मूल कार्यविधिको दफा ४४ मा संशोधनः** मूल कार्यविधिको दफा ४४ को उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छः-

(७) यस दफामा जुनसुकै कुरा लेखिएता पनि माध्यमिक, निम्न माध्यमिक र प्राथमिक तहको खुला तथा आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षामा वस्तुगत उत्तरपुस्तिका (OMR Sheet) प्रयोग भएकाको हकमा परीक्षण पूर्वको कार्य आयोगबाट निर्णय भएबमोजिम हुनेछ ।

६. **मूल कार्यविधिको दफा ५५ मा संशोधनः** मूल कार्यविधि, २०७८ को देहाय (८) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर OMR Mechine को प्रयोग गरी वस्तुगत उत्तरपुस्तिका (OMR Sheet) परीक्षण गरी कुनै पनि लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा पुनर्योगको व्यवस्था गरिने छैन ।"

**निर्णय मितिः २०७८ चैत्र २८ गते**